संघीय संसद

# प्रतिनिधि सभा, २०७९

पहिलो अधिवेशन

बैठक संख्या - १६

# दैनिक कार्यसूची

२०७९ चैत १२ गते, आइतबार

दिनको १:०० बजे

## (सम्भावित कार्यक्रम)

### व्यवस्थापन कार्य

१. सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले “संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

२. सम्माननीय प्रधानमन्त्री एवं कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले “बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

### शोक प्रस्ताव

३. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुने :-

“प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेसबाट वि.सं. २०७० सालको संविधान सभा निर्वाचनमा समानुपातिक सदस्यको रुपमा निर्वाचित भई संविधान निर्माणमा अतुलनीय योगदान पुऱ्याउनु भएको, लोकतान्त्रिक आन्दोलनहरुमा सदैव सक्रिय भूमिका निर्वाह गर्नुभएका एवं शालिन र सरल व्यक्तिको रुपमा परिचित गणेश प्रसाद विमलीको ७४ वर्षको उमेरमा मिति २०७९ चैत ७ गते मंगलबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

डा. भरतराज गौतम
संघीय संसदको महासचिव